**मिति २०८३ असोज १५ गतेको साँफेबगर नगरपालिका, नगरकार्यपालिकाको निर्णयहरुः**

१. **साँफेबगर नगरपालिकाको बजार अनुगमन निर्देशिका, २०८३ स्वीकृत गर्ने।**

२. साँफेबगर नगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०८३ स्वीकृत गर्ने।

३. साँफेबगर नगरपालिका क्षेत्रभित्र हुन सक्ने सम्भावित विपद्को जोखिम न्यूनीकरण गर्न, विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्यलाई वडा तहमा प्रभावकारी बनाउन नगरपालिकाका **१४ वटै वडाहरूमा गठित वडास्तरीय विपद् व्यवस्थापन समितिको बैठक नियमित रुपमा सञ्चालन गर्ने** र विपद्को समयमा समुदाय स्तरमै खोज, उद्धार तथा राहत कार्यलाई प्रभावकारी बनाउन साझेदार संस्थाहरुसँगको समन्वय एवं सहकार्यमा **प्रत्येक टोल/समुदायमा सामुदायिक विपद् व्यवस्थापन समिति गठन गरी कार्ययोजना तयार गर्ने।**

४. साँफेबगर नगरपालिकाको शिक्षा ऐन २०७६ को परिच्छेद ४ दफा १५ बमोजिम गठित नगर शिक्षा सिमितमा रिक्त भएका नगरसभा सदस्यहरुमा श्री शिव बहादुर कुँवर र श्री मिना के.सी.लाई मनोनयन गर्ने।

५. साँफेबगर नगरपालिकाको स्वीकृत वातावरणीय परीक्षण मूल्याङ्कन (IEE) प्रतिवेदन बमोजिम बुढीगंगा नदी क्षेत्रबाट ढुंगा, गिट्टी, बालुवा लगायतका नदीजन्य पदार्थ उत्खनन् तथा बिक्री वितरण गर्ने प्रयोजनका लागि प्रथम पटक आव्हान गरिएको बोलपत्रमा कुनै पनि बोलपत्रदाताको बोलपत्र नपरेकोले स्वीकृत वातावरणीय परीक्षण मूल्याङ्कन (IEE) प्रतिवेदन बमोजिम निर्धारित परिमाणमा २५ (पच्चीस) प्रतिशत परिमाण घटाई हुन आउने परिमाण ११,३१,९६१.९४ घनफिट उत्खनन् तथा बिक्री गर्ने आय ठेक्काको लागि ७ (सात) दिनको म्याद दिई पुनः बोलपत्र आव्हान गर्ने।

६. साँफेबगर नगरपालिका अन्तर्गत वडा नं. ४ जनकल्याण स्थित ब्याडमिन्टन खेलकुद हललाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन तथा व्यवस्थापनका लागि बोलपत्र आह्वान गर्ने।

७. साँफेबगर नगरपालिका क्षेत्रभित्र सञ्चालनमा देखिएका क्रसर उद्योगहरूमा हाल मौज्दात रहेको नदीजन्य तथा खानीजन्य पदार्थको वास्तविक स्टक परिमाणको प्राविधिक नापजाँच तथा मूल्यांकन गरी प्रचलित कानुन तथा नगरपालिकाको आर्थिक ऐन बमोजिम लाग्ने रोयल्टी रकम नगरपालिकाको राजस्व खातामा दाखिला गरेपश्चात् मात्र नदिजन्य क्षेत्रबाट उत्खनन् तथा सङ्कलनको कार्य गर्न पत्राचार गर्ने।

८. साँफेबगर नगरपालिका वडा नं. १४ स्थित **श्री सरस्वती आधारभूत विद्यालय, पातलकोटमा मिति २०८३/०३/२४ गते बिहान अन्दाजी ८:०० बजेको समयमा** अविरल वर्षाका कारण गएको विनाशकारी पहिरोले विद्यालयको भौतिक संरचनामा क्षति पुऱ्याएकोले **पठनपाठन** कार्य प्रभावित हुँदा विद्यार्थीहरूको पठनपाठन कार्यलाई निरन्तरता दिन तथा विद्यालयको सुरक्षा सुनिश्चित गर्नका लागि प्राविधिक नापजाँच

तथा मूल्याङ्कन प्रतिवेदनका आधारमा पुनर्निर्माण तथा पुनर्स्थापना कार्य तत्काल अगाडि बढाउन सम्बन्धित वडा कार्यालय तथा नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

९. साँफेबगर नगरपालिकाको स्वीकृत वातावरणीय परीक्षण मूल्याङ्कन प्रतिवेदन (IEE) प्रतिवेदनबमोजिम बुढीगंगा नदी क्षेत्रबाट ढुंगा, गिट्टी, बालुवा लगायतका नदीजन्य पदार्थ उत्खनन् तथा बिक्रीका लागि बोलपत्र आह्वान गरिएकोमा कुनै पनि बोलपत्र नपरेको र योजना नर्माण तथा निजी क्षेत्रका संरचना निर्माणका लागि उक्त पदार्थहरु आवश्यक रहेको माग आइरहेकोले स्वीकृत परिमाणमा बढि नहुने गरी सम्बन्धित वडा क्षेत्रबाट वडा कार्यालयले सुदूरपश्चिम प्रदेश सरकारबाट तोकिएको दररेट अनुसार अमानतमा शुल्क सङ्कलन गरी नगरपालिकामा दाखिला गर्ने।

साँफेबगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय साँफेबगर, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल २०७३